# दुप्चेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**समुन्द्रटार,नुवाकोट**

**आर्थिक वर्ष २०७६/७७ को निति तथा कार्यक्रम**

## "समृद्ध दुप्चेश्वर : सुखी दुप्चेश्वरवासी"

दुप्चेश्वर गाउँपालिका उपाध्यक्षज्यू ,
वडाध्यक्षज्यूहरु,
कार्यपालिका सदस्यज्युहरु
सभाका सम्पुर्ण सदस्यज्यूहरु,
प्रमुख प्रशासकिय अधिकृत ज्यू ,
वडा सचिव तथा कर्मचारी मित्रहरु ।

गाउँसभा बाट स्वीकृत मिति २०७६/३/१०

**परिचय**

नुवाकोट जिल्लाको सदरमुकाम विदुरदेखि करिव ३५ कि.मि. उत्तरपुर्व अवस्थित दुप्चेश्वर गाउँपालिका जिल्लाको साविकको ७ वटा गाउँ विकास समिति मिलेर बनेको छ । सिन्धुपाल्चोक र रसुवासँग सिमाना जोडिएको दुप्चेश्वर गाउँपालिकाको पुर्वमा सिन्धुपाल्चोक र दक्षिणमा शिवपुरी गाउँपालिका पर्दछ । त्यस्तै पश्चिममा तादी गाउँपालिका रहेको छ भने उत्तरमा रसुवा जिल्लासँग सिमाना गाँसिएको छ । कुल १३१.६२ वर्ग किलोमिटर क्षेत्रफल भु-भाग ओगेटेको यस गाउँपालिकामा कुल ५६८३ घरधुरी बसोवास रहेको छ । कुल जनसंख्या २८६४३ रहेको यस गाउँपालिकामा १४०२४ महिला तथा १४६१९ पुरुष रहेका छन् ।

- सोच : आगामी ३ वर्ष भित्र स्वच्छ ,सुशासन ,आत्मनिर्भर ,समुन्नत र समृद्ध दुप्चेश्वरका जग खडा गर्ने
- लक्ष्य : गुणस्तरीय शिक्षा,व्यवसायिका कृषि ,आन्तरिक तथा वाह्य पर्यटन,प्राकृतिक स्रोतको व्यवस्थापन ,साँस्कृतिक संरक्षण र पूर्वाधार विकास मार्फत समृद्ध दुप्चेश्वर गाउँपालिका निर्माण गर्ने

❖ उद्देश्य :

**आगामी आ.व.०७६/७७ को नीति तथा कार्यक्रम निम्न उद्देश्यहरु रहेका छन् ।**

क) दुप्चेश्वर गाउँपालिकाका नागरिकलाई गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा सहज पहुँच पुऱ्याउने ।

ख) जलस्रोतको भरपुर उपयोग गरि खेतियोग्य जमिनमा सिंचाई र जलविद्युत आयोजनाहरु प्रवर्द्धन गराउने ।

ग) कृषि क्षेत्रको व्यवसायिककरण र आधुनिकरण गर्ने ।

घ) रोजगारी तथा स्वरोजगारी सृजना गर्न पर्यटन प्रवर्द्धन मार्फत गर्ने ।

ङ) पुर्वाधार निर्माणमा दिगोपनाको सुनिश्चित गर्ने ।

च) दुप्चेश्वर गाउँपालिकाका सवै नागरिकलाई सडक यातायात सुविधा उपलब्ध गराउने ।

२०७६।३।१०
गोविन्द सिंह तामाङ
अध्यक्ष

## ❖ निति तथा कार्यक्रम तर्जुमा गर्दा लिईएका आधारहरु

क) नेपालको संविधान
ख) स्थानीय सरकार संचालन ऐन, २०७४
ग) राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
घं अन्तर सरकारी वित्त व्वस्थापन ऐन, २०७४
ङ) संघीय तथा प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्डहरु
च) स्थानीय तहमा बजेट तर्जुमा , कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४
छ) संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना
ज) स्थानीय तहको मध्यकालिन खर्च संरचना
झ) श्रोत साधन
ञ) विकासका अन्तरसम्बन्धित विषयहरु
ट) नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्वहरु संघ र प्रदेश सरकारले अबलम्बन गरेका अन्य आर्थिक नीतिहरु
ठ) पन्ध्रौ योजनाको आधार पत्र
ड) दिगो विकास लक्ष्यले निर्धारण गरेका क्षेत्रहरु
ढ) वडा समितिबाट बजेट तर्जुमा समिति हुँदै सहभागिता मुलुक योजना तर्जुमा प्रकृयाद्धारा प्राथमिकिकरण सहित प्राथमिकताप्राप्त आयोजना तथा सुझाव ।

## ❖ आगामी आ.व.२०७६/७७ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा देहायका क्षेत्रलाई प्राथमिकता दिइएको छ ।

क. रोजगारमुखी समावेशी विकास ।
ख. पिछडिएको जाति समुदाय तथा भौगोलिक क्षेत्रको उत्थान र विकासको लागि विशेष कार्यक्रम ।
ग. भौतिक पूर्वाधारको विकास ।
घ. कृषि क्षेत्रको आधुनिकिकरण,व्यवसायीकरण र बजारीकरण ।
ङ.शिक्षा,स्वास्थ्य लगायतका सामाजिक विकासका क्षेत्रमा सबैका सहज पहुँच ।
च.सार्वजनिक सेवा प्रवाहमा सुधार गरि सुशासन कायम ।
छ.विपद व्यवस्थापन र वातावरण सिंचाई ।
ज. खेतीयोग्य जमिनमा पुर्णरुपमा सिंचाई ।

# गाउँपालिकाको योजना तर्जुमा गर्दा देहाय अनुसारका नितिहरु तर्जुमा गरिएको छ ।

## कृषि तथा पशुपालन तर्फका नीति तथा कार्यक्रम

१. क्षेत्रगत रुपमा कृषि पेशाको व्यवसायिकता प्रवर्द्धनका लागि कृषक अनुदान कार्यविधि निर्माण गरि कार्यक्रम संचालनमा जोड दिइनेछ ।

२. भौगोलिक तथा अन्य पक्षको संभाव्यता अध्ययन गरि वडागत रुपमा ***कृषि पकेट क्षेत्रहरु घोषणा*** गरि कृषिको व्यवसायिकरण तथा विविधीकरण एवम् यान्त्रिकिकरण गर्नुका साथै कृषि कार्यलाई पर्यटन विकास संग समेत एकिकृत गरिनेछ । आत्मनिर्भर कृषि प्रणालीको पहिलो प्रयास स्वरुप यसै वर्ष मसला जन्य पदार्थ मा आत्मनिर्भर हुने गरि आवश्यक कार्यक्रम संचालनमा ल्याइनेछ ।

३. कृषि कार्यको प्रवर्द्धन तथा आधुनिकिकरणका लागि तरकारी खेती, मौरीपालन, मत्स्यपालन, फलफूल खेतीमा आवद्ध कृषकहरुका लागि ज्ञान सीप विकास तालिमहरु निर्माण गरि संचालन गरिनेछ, साथै कृषि उत्पादकत्व बृद्धिका लागि साना सिंचाइ कार्यक्रम, प्लाष्टिक पोखरी , नगदे बाली तथा फलफूलका



२०७६/०३/१०
अध्यक्ष

विरुवा वितरण, कृषि उपज संकलन केन्द्र निर्माण, हाट बजार व्यवस्थापन जस्ता आधुनिक कृषि प्रणालीको अबलम्बनका लागि अनुदान प्रदान तथा अन्य आवश्यक प्रबन्धमा जोड दिइनेछ ।

४.माटो परिक्षण शिविर, किटनाशक औषधीको सहज पुहँचको सुनिश्चितता, कृषि प्राविधिक को उपलब्धता मार्फत आम कृषकको कृषि प्राणालीलाई थप सरलता प्रदान गरि अपेक्षित प्रतिफल हासिलका लागि अन्य आवश्यक कार्ययोजनाहरु बनाइ संचालनमा ल्याइनेछ ।

५. ***"एक घर ५ फलफूलका विरुवा"*** कार्यक्रमलाई अभियानकै रुपमा अघि बढाइनेछ, । कृषि सम्बन्धि हुने सबै कार्यक्रमको उद्घाटन विरुवा रोपेर सुरु गर्ने परिपाटी विकास गरिनेछ ।

६. अगुवा कृषक भेला, कृषि अवलोकन भ्रमण, कृषक संग प्रतिनिधि, कृषि संग सम्बन्धित दिवस लगायतका प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरि यस क्षेत्रमा रहेका नागरिकको हौसला अभिबृद्धि गर्ने निति लिइनेछ ।

७.कृषक समूह तथा सहकारी दर्ता, परिचालन तथा संचालन कार्यलाई सरल र प्रभावकारी बनाइनेछ ।

८ स्थानीय सरकारको रुपमा गठित दुप्चेश्वर गाउँपालिका देशकै उत्कृष्ट गाउँपालिका बनाउने दुरदृष्टी लिइएको छ । मुलुकको अनुपम साँस्कृतिक तथा भौगोलिक विशेषताहरु बोकेको यस गाउँपालिका अन्तर्गतको ***शिखरवेंसी फाँटमा नेपालको कही कतै उत्पादन नहुने समुन्द्रफिनी जातको धान उत्पादन तथा बजारीकरणका*** लागि कृषक अनुदान तथा अन्य प्रबन्ध हुने गरि कार्यक्रम ल्याइनेछ ।

९.पशुविकासका लागि नश्ल सुधार कार्यक्रम अघि बढाइनेछ । आगामी आ.व. ०७६/०७७ मा वडा नं. १, २,३ र ४ मा बाखामा नश्ल सुधार तथा वडा नं. ५, ६ र ७ मा गाइ भैसिमा नश्ल सुधार कार्यक्रम संचालनमा ल्याइनेछ । साथै खाली तथा बाँझो जग्गाहरुमा पोषणयुक्त घाँस उत्पादनमा जोड दिइनेछ ।

१०. पशु स्वास्थ्य परिक्षण, सुरक्षित पशुपंक्षि वधशाला निर्माणको मापदण्ड निर्माण लगायतका कार्ययोजना मार्फत स्वस्थकर मासु उत्पादनका लागि आवश्यक प्रबन्ध गरिनेछ । मासु, माछा र अण्डामा आत्मनिर्भरताका लागि आवश्यक कार्यक्रम संचालनमा ल्याइनेछ ।

११. कृषि तथा पशुबिमा कार्यक्रम संचालनमा ल्याइनेछ । पशुपंक्षिमा हुनसक्ने माहामारीजन्य रोग नियन्त्रण का लागि विज्ञ तथा औषधि एवम् खोपको व्यवस्थापन कार्यमा जोड दिइनेछ । ***एक वडा एक कृषि प्राविधिक***को व्यवस्थाका लागि आवश्यक प्रबन्ध गरिनेछ ।

१२. ***एक घर ४ भैसि*** कार्यक्रमलाई प्रभावकारी बनाइ लागू गरिनेछ । यसका लागि कार्यविधि बनाइ ***गोठ सुधार कार्यक्रम*** संचालनमा ल्याइनेछ ।

## सहकारी सम्बन्धि नीति तथा कार्यक्रम

१. विधिवत् रुपमा दर्ता भइ संचालनमा रहेका सबै सहकारी संघ संस्थाहरुको अभिलेख खडा गरि सहकारीको मर्म र भावना बमोजिम उनीहरुमा संचित वित्तिय शक्तिलाई सामाजिक रुपान्तरणमा प्रयोग गरिने निति लिइनेछ ।

२. नयाँदर्ता हुन आउने सहकारी संस्थाहरुलाई नियमानुसार दर्ता कार्यमा सहजता दिइ उनीहरुको सीप तथा पुँजी लाई स्थानीय स्तरमा परिचालन गर्ने निति लिइनेछ ।

३.गाउँपालिका भरका सबै सहकारी को कार्यप्रक्रिया तथा गतिविधी को आवश्यक नियमन का लागि संयन्त्र निर्माण गरि प्रयोगमा ल्याइनेछ ।

४. सहकारीताको माध्यमबाट स्थानीय नागरिकहरुको उद्यमशिलता विकासमा जोड दिइनेछ । कार्यसम्पादन मूल्यांकनका आधारमा त्यस्ता सहकारी मध्ये उत्कृष्ट सहकारीलाई वार्षिक रुपमा पुरस्कृत गर्ने निति लिइनेछ ।

## स्वास्थ्य सम्बन्धि नीति तथा कार्यक्रम



गोविन्द सिंह तामाङ
अध्यक्ष

१. ***"स्वास्थ्य संस्थामा प्रसुति, सुरक्षित मातृत्वको प्रत्याभुति"*** भन्ने मुल नाराको साथ पुर्ण संस्थागत सुत्केरी भएको गाउँपालिका बनाउन दुप्चेश्वर गाउँपालिकाको सम्पुर्ण वडाहरुमा आवश्यक भौतिक पुर्वाधार तथा जनशक्तिको उचित व्यवस्थापन गरि प्रसुती गृह नभएका सवै वार्डहरु मा प्रसुती गृह स्थापना गरिनेछ ।

२. संस्थागत सुत्केरी को दर बढाउने अभिप्रायले, सुत्केरी तथा सुत्केरी कुरुवाको सेवा सुबिधालाई मध्यनजर गर्दै प्रसुति गृहहरु मा सुत्केरी कुरुवा घर तथा सुत्केरी लाई खानाको व्यबस्था गरिनेछ ।

३. गर्भवती महिला को पोषण अबस्था सुधार तथा गर्भमा रहेको बच्चाको उचित बृद्धि बिकासमा मद्दत पुर्याउने हेतुले संचालन गरिएको ***गर्भवती महिलाको घरमा झण्डा र हातमा अण्डा कार्यक्रम*** लाई निरन्तरता दिइनेछ ।

४. मातृ तथा नव शिशु स्वास्थ्य मा सुधार ल्याई मातृ तथा शिशु मृत्यू दर लाई शुन्य बनाउन हाल प्रसुती गृह संचालित तिन वटा स्वास्थ्य चौकि हरु राउतवेशि, समुन्द्रटार, शिखरवेशि मा भिडियो एक्सरे मेसिन को व्यबस्थापन तथा स्वास्थ्यकर्मीहरु लाई सो सम्बन्धी क्षमता अभिबृद्धि गरि सेवा प्रवाह लाई विस्तार तथा थप गुणस्तरीय बनाईनेछ ।

५. सुरक्षित मातृत्वको लागि गर्भवती जाचं मात्र नभई सुत्केरी जाचं पनि उत्तिकै महत्वपुर्ण हुन्छ भन्ने भनाई लाई आत्मसाथ गर्दै, ***सुरक्षित मातृत्वको प्रत्याभुती तथा सुनौलो १००० दिन*** लाई प्रोत्साहन गर्न मापदण्ड अनुसार सुत्केरी जांचको लागि महिला स्वास्थ्य स्वयं सेविकाहरु लाई अभिमुखिकरण गरि सुत्केरीको घर घरमै परिचालन गरिनेछ ।

६. गाउँपालिकाको भौगोलिक बिकटता तथा सेवाग्राहिको आर्थिक अबस्था लाई ध्यानमा राखि सेवा लिन स्वास्थ्य संस्था सम्म पुग्न आईपर्ने समस्या लाइ न्यूनिकरण गर्न पालिकामा कम्तीमा एउटा एम्बुलेन्सको व्यबस्था गरिनेछ ।

७. परिबर्तनशिल समय संगै सुचना तथा प्रबिधी संग घुलमिल हुदै स्वास्थ्य व्यबस्थापन सुचना प्रणालिलाई Web Based बनाई ई रिपोटिङ गर्ने कार्य लाई निरन्तरता दिदै थप प्रभावकारी बनाउन आवश्यक पुर्वाधार जस्तै ईन्टरनेट आदी लाई सवै स्वास्थ्य संस्थामा पहुंच र उपलब्धता को सुनिश्चीता गरिनेछ ।

८. समुदाय स्तर सम्म नै गुणस्तरिय स्वास्थ्य सेवा प्रवाह गर्न स्वस्थ आमा समूह शसक्तिकरण तथा महिला स्वास्थ्य स्वयं सेविका निर्देशिका बनाई स्थानिय स्तरमा कार्यरत महिला स्वास्थ्य स्वयं सेविकाहरु को ज्ञान, सिप र क्षमता मा बृद्धि र आवश्यकता अनुसार महिला स्वास्थ्य स्वयं सेविका परिबर्तन तथा सम्मानजनक बिदाई गर्दै स्वास्थ्य सेवा प्रदान गर्न सक्षम महिला स्वास्थ्य स्वयं सेविकाहरु को व्यबस्थापन गरिनेछ ।

९. उपचारात्मक सेवा प्रर्बद्धन को लागि आवश्यक गुणस्तरीय औषधि तथा सामाग्रीहरुको व्यवस्थापन गरि कुनै पनि स्वास्थ्य संस्था मा औषधि को अभावले गुणस्तरीय सेवा प्रदानमा बाधा पर्न गएको महशुस हुन दिईने छैन ।



गोविन्द सिंह तामाङ
अध्यक्ष

१०. पालिका भित्रका सम्पुर्ण बालबालिका, किशोर किशोरी, महिला, बृद्ध, तथा पिछडिएको तथा स्वास्थ्यको दृष्टिकोणले जोखिममा रहेका समुदायलाई लक्षित गरि स्वास्थ्य सेवा को कार्यक्रमहरु संचालन गरिनेछ ।

११. भैपरी आउने प्रकोप तथा महामारी नियन्त्रण गर्न पालिका भित्रको अन्य शाखा हरु तथा स्वास्थ्य बाहेकको अन्य क्षेत्रहरु, संघ संस्थाहरु संग सम्मन्वयंन र सहकार्य गरि तत्काल कार्यक्रम संचालन गरिनेछ र पालिका स्तरमा ***Rapid Response Team*** को गठन गरिनेछ ।

१२. स्थानिय स्वास्थ्य संस्था बाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर अनुगमन, मुल्याङ्कन गर्न तथा सेवा थप गुणस्तरिय बनाउन स्थानिय तहमा स्वास्थ्य गुणस्तर अनुगमन समिती गठन गरिनेछ ।

१३. स्थानीय तहमा स्वास्थ्यको आफ्नै स्वास्थ्य निती निर्माण गरि सोहि अनुरुप बिभिन्न आवधिक योजनाहरु बनाउदै, प्रर्बद्धनात्मक स्वास्थ्य सेवा लाई प्राथमीकतामा राखि बिभिन्न सर्ने तथा नसर्ने रोगहरुको कारण तथा जोखिम तत्वहरु न्यूनिकरण गर्न स्वास्थ्य शिक्षा का कार्यक्रमहरु संचालन गरि दुप्चेश्वरको समग्र स्वास्थ्य स्थितीमा सुधार गरि समृद्ध दुप्चेश्वर निर्माणमा टेवा पुर्‍याउने कार्यक्रम ल्याइनेछ ।

१२. दुप्चेश्वर गाउँपालिका क्षेत्रलाई सफा र सुन्दर बनाउन सार्वजनिक स्थल र मन्दिर परिसर बाहिर सार्वजनिक शौचालयको निर्माण गरिनेछ । आफ्नो फोहोरको लागि आफैं व्यवस्थापन गर्न स्थानिय टोलबासीहरुलाई सचेत गराउँदै ***"सफा टोल अभियान"*** संचालन गरिनेछ । नुवाकोट जिल्लाकै पहिलो खुला दिशामुक्त क्षेत्र घोषणा भईसकेको दुप्चेश्वर गाउँपालिकालाई पुर्ण सरसफाईयुक्त गाउँपालिका बनाउन पहलकदमी लिइनेछ ।

## पर्यटन प्रवर्द्धन सम्बन्धि नीति तथा कार्यक्रम

१. ***"पर्यटन पुर्वाधार- समृद्ध दुप्चेश्वर को आधार"*** भन्ने मूल नाराको साथ पर्यटन पुर्वाधार विकासमा केन्द्रित कार्यक्रम संचालन गरि यस क्षेत्रको पर्यटन विकास गर्ने नीति लिइनेछ ।
२. नेपाल सरकार तथा प्रदेश सरकार बाट संचालित हुने पर्यटन प्रवर्द्धन कार्यक्रम संग यस क्षेत्रको कार्यक्रम समेत लाई एकीकृत गरि संचालन गरिनेछ ।
३. पर्यटन प्रवर्द्धनमा स्थानीय सहभागिता अभिबृद्धि हुने गरि कार्यक्रम संचालन गरिनेछ, जसको लागि स्थानीय कला संस्कृति तथा पर्यापर्यटनमा आधारित रहि पर्यटन गतिविधि संचालन गरिनेछ ।
४. सडक मार्ग, ***दुप्चेश्वर महादेव तथा गोसाइकुण्ड जोड्ने गरि केवलकार निर्माणका लागि निजि क्षेत्रसंग सहकार्य गर्ने,*** होमस्टे क्षेत्र विकास, आधारभूत पूर्वाधार निर्माण, पर्यटन सुचना केन्द्र, गाउँपालिकामा पर्यटक हेल्प डेस्क जस्ता पर्यटन पूर्वाधार का कार्यक्रम हरु विकास गरि शिघ्र संचालनमा ल्याइनेछ ।
५. गाउँपालिका भरका पर्यटकिय स्थलहरुको संभाव्यता अध्ययन र छनोटमा आधरीत पूर्वाधार निर्माण कार्यलाई अघि बढाइनेछ, । दुप्चेश्वर मन्दिर तथा अन्य संभावित पर्यटकिय क्षेत्रमा ***वार्षिक १० लाख पर्यटन भित्रने*** गरि कार्यक्रम संचालनमा ल्याइनेछ ।
५.दुप्चेश्वर सांस्कृतिक महोत्सव, लाङटाङ रा.नि. रेडपाण्डा अवलोकन, कुटुङसाङ,राउतचुलि, रामति, करेजुङ, चुलि ,रान्चेडाडा, घ्यावर, दोङजे, घ्याङडाडा, गोल्फुभन्ज्यांग, कुताब क्याबा भन्ज्यांग,



गोविन्द सिंह तामाङ
अध्यक्ष

नटाङडाडा, माने भन्ज्यांग लाई ***पर्यटकिय हबको*** रुपमा विकास गरिनेछ ।, उप्रा देखि कुतुङखोला सम्मको तादी खोलामा ***फिसिङ जोन घोषणा,*** अन्य क्षेत्र अवलोकन जस्ता बहुआयमिक पर्यटकिय गतिविधी संचालन गरिनेछ ।

६. विभिन्न जातजातीको मौलिक पहिचान संरक्षण तथा संवर्द्धनका लागि ***एकीकृत पर्यटन संग्रहालय*** निर्माण का लागि आवश्यक कार्यक्रम ल्याइनेछ ।

७. समुन्द्रटार-घ्याङफेदी-कसेरी-ठाडेपाटी-घोप्टेभिर-फेदी-सुर्यकुण्ड हुदै गोसाइकुण्ड जोड्ने पर्यटन मार्गमा आवश्यक पूर्वाधार निर्माण गरि दुप्चेश्वर महादेव मन्दिर र गोसाइकुण्ड बीच पर्यटन तथा सांस्कृतिक सम्बन्धलाई थप मजबुत बनाइनेछ ।

## सामाजिक विकास सम्बन्धी निति तथा कार्यक्रम ।

१. दुप्चेश्वर गाउँपालिका भित्रका महिला, वालवालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरु तथा गरिब असहाय सबै पक्षको सर्वाङगिण विकास हुने कार्यक्रम हरु संचालन गरि समृद्ध दुप्चेश्वर निर्माणको आधार तयार गरिनेछ ।

२. महिला हरुको मौजुदा आर्थिक तथा सामाजिक अवस्थामा देखिने गरि रुपान्तरण हुने कार्यक्रमहरु तर्जुमा गरि संचालन गरिनेछ । यसका लागि क्षमता विकास कार्यक्रम, जिविकोपार्जन कार्यक्रम, महिला कोष निर्माण तथा परिचालन जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

३. परम्परागत वैभवका रुपमा रहेका संस्कृति तथा सम्पदाहरुको संरक्षण संवर्द्धन र परिष्करण जस्ता कार्यक्रमहरु तर्जुमा गरि संचालन गरिनेछ । यसका लागि पानी घट्ट, कुटिर उद्योग, घरेलु उद्योग जस्ता सम्पदा हरु, तामाङ्ग तथा शेर्पा संस्कृति, अन्य जातीको परम्परागत संस्कृति को पहिचान तथा संरक्षण गरिनेछ ।

४. अपांगता भएका व्यक्तिहरुको पहिचान तथा अभिलेखिकरण कार्यक्रमलाई निरन्तरता दिदै उनीहरुको जीवनयापन सहजता का लागि क्षमतामा आधरित कार्यक्रम, सहयोगी सामाग्रीहरुको उपलब्धता तथा परिवारलाई सहयोग जस्ता कार्यक्रम हरु आगामी आ.व. मा संचालन गरिनेछ ।

५. सुविधा विहिन तथा दोहोरो सुविधाविहिन महिलाहरुका विभिन्न स्वरुपमा क्षमता विकास कार्यक्रम का लागि ***उपाध्यक्ष लक्षित वर्ग उत्थान*** जस्ता रचनात्मक कार्यक्रम संचालन गरि उनीहरुको आम्दानी स्तरलाई औषत स्तरमा पुऱ्याइनेछ ।

६. मानव बेचबिखन को अवस्थालाइ शुन्यमा पुऱ्याइनेछ छ, साथै कदाचित यस्ता कार्य भएको पाइएमा शुन्य सहनशिलताको निति लिइनेछ ।

७. बेचबिखनमा परि उद्दार गरिएका व्यक्तिहरुलाई समाजमा सम्मानजनक पुनर्स्थापना का लागि आवश्यक कार्यक्रम हरु संचालन गरिनेछ । महिला जागरण अभियान लाई थप प्रभावकारी बनाइनेछ ।

८. समृद्ध दुप्चेश्वर निर्माणमा स्थानीय संगको साझेदारी कार्यक्रम संचालन गरिनेछ, जसका लागि हरेक विकासात्मक कार्यमा स्थानीय सहभागिता अभिवृद्धि, सो को स्वामित्व ग्रहण तथा पूर्ण क्षमतामा उपभोगका लागि आवश्यक कार्यक्रम हरु संचालन गरिनेछ ।

९ जेष्ठ नागरिक हरुको संरक्षण, सामाजिक सुरक्षाको प्रत्याभुति तथा सम्मानजनक जीवनयापनका लागि जेष्ठ नागरिक परिचय पत्र को सुलभ उपलब्धता, निशुल्क स्वास्थ्य परिक्षण, जेष्ठ नागरिक सम्मान कार्यक्रम, सन्तानमाथी पारिवारिक दायित्वबोधको प्रत्याभूति, अनुभवको विस्तृतीकरण जस्ता आवश्यक कार्यक्रम हरु तर्जुमा गरि संचालनमा ल्याइनेछ ।

१० वालवालिका हरुको आधारभूत आवश्यकताको पूर्ण प्रत्याभूति, तथा संभाव्य जोखिम न्यूनिकरणका लागि सबै प्रबन्ध तथा आवश्यक कार्ययोजना ल्याइनेछ । साथै वालविवाहमुक्त, वालश्रमशोषण मुक्त गाउँपालिका बनाउनका लागि सबै कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।



२०७६/३/१०
...विन्द सिंह तामाङ
अध्यक्ष

११. पुरातन सामाजिक विकृति नियन्त्रण गर्दै समतामूलक तथा सभ्य समाज निर्माणका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

१२. लैङ्गिक उत्तरदायित्व सम्बन्धि विद्यमान सामाजिक कुसंस्कार तथा सामाजिक रुपमा हानिकारक सोचलाई क्रमश नविन सोचहरुबाट प्रतिस्थापित गर्दै सबैखाले विभेद उन्मूलन हुने गरि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

१३.. रोजगार प्रवद्धन तथा बेरोजगारी समस्या न्यूनिकरणको लागि संघिय सरकार तथा प्रदेश सरकार को निति तथा कार्यक्रम लाई आन्तिरिकीकरण गर्दै सोहि प्रकृतिको थप कार्यक्रम बनाइ संचालन गरिनेछ ।

१४. प्रधानमन्त्री रोजगार कार्यक्रम को कार्यान्वयन पक्षलाई थप प्रभावकारी बनाउदै अधिकतम रुपमा रोजगारी प्रवर्द्धनमा जोड दिइनेछ ।

१५. पूर्वाधार विकास कार्यक्रममा संभव भएसम्म डोजर, लोडर जस्ता उपकरणको कम प्रयोग गरि स्थानीय श्रमिकहरुको परिचालनमा अधिकतम जोड दिई थप रोजगारी को अवसरहरु सिर्जना गरिनेछ ।

१६. अर्ध तथा पुर्ण बेरोजगारहरुको लागि विभिन्न सीपमूलक कार्यक्रमहरु संचालन गरि सीपयुक्त जनशक्ति उत्पादन गरिनेछ ।

१७. ***एक वडा एक उद्योग स्थापना*** गरि स्थानीय श्रोत, साधन,पुंजी र सीपलाई स्थानीय स्तरमै रोजगारी सिर्जनामा उपयोग गर्ने कार्यक्रम ल्याइनेछ ।

१८. सामाजिक विकास का क्षेत्रमा कार्यरत गैसस लाई कार्यसम्पादनको आधारमा वार्षिक रुपमा पुरस्कृत गरिनेछ ।

## शिक्षा तथा खेलकुद सम्बन्धि नीति तथा कार्यक्रम

१. नेपालको संविधान २०७२ को मर्म, शिक्षा सम्बन्धि कार्यक्रमका संघिय सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गनिर्देशन तथा समकालिन सन्दर्भ हरुलाई एकत्रित गर्दै समृद्ध गाउँपालिका तथा सक्षम र शिक्षित नागरिक निर्माण गर्ने तर्फ आवश्यक नीति लिइनेछ ।

२. ***व्यवसायिक शिक्षा, प्राविधिक शिक्षा तथा नैतिक शिक्षामा*** विशेष जोड दिइ सो का लागि आवश्यक बजेट विनियोजन गरि कार्यक्रम संचालन गर्ने निति लिइनेछ । महिला, अपांगता भएका वर्ग, दलित तथा विपन्न वर्गलाई समेट्ने गरि व्यवसायिक शिक्षा तथा प्राविधिक शिक्षामा पहुँच कायम गराउने कार्ययोजना बनाइनेछ ।

३. गाउँपालिका का सबै वडामा रहेका आधारभुत तथा माध्यमिक विद्यालय को शैक्षिक तथा भौतिक स्तरोन्नती का लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

४. वालमैत्री सिकाइ वातावरण निर्माण तथा ***शून्य शारिरीक तथा मानसिक दण्ड*** का लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

५. शिक्षक तथा विद्यालय कर्मचारीको पेशागत क्षमता अभिवद्धिका लागि आवश्यक कार्यक्रम तर्जुमा गरि संचालन गरिनेछ, ।

६ विद्यालयबाहिर रहेका एवम् जोखिमपुर्ण कार्यमा जस्तै होटलका श्रमिक, गाडीका सहचालक रहेका विद्यालय उमेरका वालवालिका लाई विद्यालय फर्काउन ***"बालक संग अध्यक्ष"*** जस्ता रचनात्मक कार्यक्रम हरु विकास गरि संचालन गरिनेछ ।

७. विद्यालय उमेर पार गरेका तर निरक्षर रहेका व्यक्तिहरुको तथ्यांक संकलन गरि अनौपचारिक कक्षा, प्रौढ कक्षा जस्ता कार्यक्रमहरु आवश्यकता का आधारमा संचालन गरि साक्षर गाउँपालिका अभियान लाई सार्थकता प्रदान गरिनेछ विद्यालयमा शिक्षाका पहुँच कार्यविधि निर्माण गरि संचालनमा ल्याइनेछ ।

८. परम्परागत सामाजिक संस्कार को संरक्षण तथा नयाँ पुस्तामा हस्तान्तरण का लागि ***विद्यालयक्षेत्र लाइ मिनि सोसाइटी*** को रुपमा विकास गरिनेछ ।

२०७८।३।१२

गोविन्द सिंह तामाङ
अध्यक्ष

९.भौगोलिक आवश्यकता तथा विद्यार्थी संख्याको आधारमा आवश्यक मूल्यांकन गरि विद्यालयको संख्या थप गर्दै जाने र मर्ज गर्दै जाने कार्यलाई निरन्तरता प्रदान गरि आवश्यक कार्ययोजना निर्माण गरिनेछ ।

१०. शैक्षिक विकास को सवालमा स्थानीय तथा राष्ट्रिय रुपमा ख्यातीप्राप्त विज्ञ, योजनाविद् तथा अन्य सरोकारवाला हरुसंग आवधिक रुपमा छलफल तथा अन्तरक्रिया गरि आवश्यक योजना एवम कार्यक्रमहरु तर्जुमा तथा संचालन गरिनेछ ।

११. विद्यालय क्षेत्रलाई शान्ती क्षेत्र को रुपमा कायम राख्न सबैखाले प्रयास गर्नुका साथै शैक्षिक थलोमा हुने अनावश्यक हस्तक्षेप तथा प्रभावलाई निरुत्साहित गर्ने निति लिइनेछ ।

१२. छात्राहरुमा मासिक चक्रको कारण विद्यालय छाड्ने दर उच्च रहेकोमा सो सम्बन्धमा साविक निम्नमाध्यमिक तथा माध्यमिक कक्षा संचालन भएका सबै विद्यालय हरुमा सेनीटरी प्याड भेन्डिङ तथा डिस्पोजल मेशिन उपलब्ध गराइनेछ । वालविकास कक्षालाई व्यवस्थापन गरिनेछ ।

१३. गाउँपालिका भरका सामुदायिक विद्यालयहरुलाई स्वस्थ्य प्रतिस्पर्धाको आधारमा नमूना विद्यालय छनोटमा सहभागि गराइनेछ ।यसका लागि विविध मानकमा आधरित कार्यविधि ल्याइनेछ ।

१४. दुप्चेश्वर गाँउपालिका भित्रको वडा नं. २ ओडारेको बालदुम्चेमा अपाङ्ग मैत्री सहितको गाँउपालिका स्तरीय खेल मैदान बनाइ संचालनमा ल्याइने छ ।

## सामुदायिक संघ संस्था सम्बन्धि नीति तथा कार्यक्रम

१. यस गाउँपालिका क्षेत्रभरमा कार्यरत विभिन्न सामाजिक संघ संस्था, गैसस, सहकारी संस्थाहरु, महिला संजाल तथा समूह, युवा क्लब, लगायत सबैसंग आवश्यक सहकार्य गरि समृद्ध दुप्चेश्वर निर्माणमा उनीहरुको भूमिका लाई उचित स्थान दिइनेछ ।

२. समाज रुपान्तरणका लागि क्रियाशिल संघसंस्था हरुलाई दर्ता, अभिलेखीकरण, नविकरण तथा कार्यसम्पादन को आधारमा, नियमन गर्ने, मूल्यांकन गरि पुरस्कृत गर्ने लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।

३.गाँउपालिका भित्र कार्यक्रम संचालन गर्न ईच्छुक गैह्र सरकारी संस्थाहरुलाई ***एकद्धार प्रणालीबाट*** गाँउपालिकाको स्वीकृति तथा अन्य मापदण्ड पुरा गरेका संघ संस्थालाई मात्र कार्यक्रम संचालन गर्न दिइनेछ । कार्यक्रमहरुमा दोहोरोपना, अति औपचारिकता र कागजी खेललाई पुर्ण रुपमा निरुत्साहन गरिनेछ । गाँउपालिकाको उदेश्यसँग एकाकार भएर सही किसिमले कार्यक्रम संचालन गर्न आउने संस्थाहरुसँग कार्यसंचालनका सबै चरणमा समन्वय गर्ने नीति लिइनेछ ।

## उर्जा तथा जलविद्युत सम्बन्धि नीति तथा कार्यक्रम

१. बैकल्पिक ऊर्जा, नविकरणीय ऊर्जा जस्ता ऊर्जाका नविनतम श्रोत को प्रयोगमा अभिबृद्धि गर्ने गरि कार्यक्रमहरु तर्जुमा गरिनेछ । जलाशयुक्त आयोजना निर्माणलाई विशेष जोड दिइनेछ ।

२. स्थानीय तादि खोला तथा चन्द्रावतिमा निर्माणधीन जलविद्युत आयोजना शिघ्र सम्पन्न गर्न गाउँपालिकाले आवश्यक सहजिकरण गर्नेछ, तथा गाउँपालिकाको राजस्व बृद्धिका लागि नियमानुसार हुने गरि आवश्यक व्यवस्था गरिनेछ ।

३. दुप्चेश्वर गाउँपालिका क्षेत्रलाई जलविद्युत् हबको रुपमा विकास गर्न आवश्यक कार्ययोजना बनाइ संचालनमा ल्याइनेछ ।

२०७६।३।१०
गोविन्द सिंह तामाङ
अध्यक्ष

## आर्थिक प्रशासन तथा राजश्व सम्बन्धि नीति तथा कार्यक्रम

१. प्रचलित ऐन तथा कार्यविधि तथा अन्य नीतिगत व्यवस्थाको आधारमा यस दुप्चेश्वर गाउँपालिकाको राजश्व प्रशासन तथा आर्थिक कार्यप्रणाली लाइ चुस्त, मितव्ययी तथा सरल बनाउन सुचना व्यस्थापन प्रणाली MIS को प्रयोग गर्ने कार्यक्रम शिघ्र संचालनमा ल्याइनेछ ।

२. प्रचलित कुननले तोकेका शिर्षक बमोजिमका क्षेत्रलाई आत्मसाथ गर्दै राजस्व का दर र दायरालाई नियमानुसार परिस्कृत तथा विस्तार गर्दै लगिनेछ ।

३. चालु खर्चलाई कम गर्दै पुँजीगत खर्च लाई औचित्यमूलक र उपलब्धीमूलक बनाउन आवश्यक सबै प्रक्रिया अपनाइनेछ ।

४. सेवाग्राही मैत्री संरचना निर्माण तथा नीतिगत प्रबन्ध हरु क्रमश: अघि बढाइनेछ ।

५. राजस्व सुधार कार्ययोजना बनाइ लागु गरिनेछ ।

## सार्वजनिक सेवा प्रवाह सम्बन्धि निति तथा कार्यक्रम

१. गाउँकार्यपालिका, वडा कार्यालय तथा अन्य विषयगत कार्यालयबाट प्रभाह गर्ने सेवा लाई चुस्त, सरल र प्रभावकारी बनाउन आवश्यक व्यवस्थाकिय कार्यहरु संचालन गरिनेछ ।

२. भौगोलिक विकटता तथा अन्य विषमतालाई सम्बोधन गर्न आवधिक रुपमा स्थानीय स्तरमा ***घुम्ती सेवा शिविर*** जस्ता कार्यहरु संचालन गरि स्थानीय सरकारका सेवालाइ आम नागरिकको घरदैलो सम्म पुऱ्याइनेछ ।

३. सार्वजनिक सेवा प्रभावमा जनगुनासो सुनुवाइ तथा सम्बोधन गर्न आवश्यक सबै व्यवस्था गरिनेछ, मासिक रुपमा अध्यक्ष, उपाध्यक्ष तथा प्रशाकिय प्रमुख को सहभागितामा ***जनता संग अध्यक्ष*** जस्ता कार्यक्रम संचालन गरिनेछ ।

४. सेवा प्रदायक कार्यालयमा सेवाग्राहिलाई आवश्यक सहजीकरण कार्यको लागि सोधपुछ कक्ष, हेल्पडेस्क , गुनासो सुन्ने अधिकारी तथा सुचना अधिकारी जस्ता संयन्त्र निर्माण गरि प्रभावकारी रुपमा संचालन गरिनेछ ।

५. सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा फ्रन्ट लाइन सर्भिस प्रोभाइडर कर्मचारीहरुको लागि क्षमता विकास तालिम तथा अन्य उत्प्रेरक कार्यक्रम हरु संचालन गरिनेछ ।

६. सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा असक्त अपांगता भएका व्यक्तिहरु, जेष्ठ नागरिक, लगायतलाई प्राथमिकता दिइ सेवा प्रवाह गरिनेछ । यसका लागि First In First Out (FIFO) तथा Last In First Out (LIFO) प्रणाली अबलम्बन गरिनेछ ।

७. शुसासन युक्त सार्वजनिक सेवा प्रवाहका लागि आवश्यक प्रबन्ध गरिनेछ ।

८.दुप्चेश्वर गाँउपालिकाको आवधिक योजना र क्षेत्रगत गुरु योजना तयार भएको सन्दर्भमा उक्त प्रतिवेदनले औल्याएका क्षेत्रहरु लक्षित गरि सार्वजनिक सेवा प्रवाहलाई समयसापेक्ष सुधार गर्दै जाने नीति लिइनेछ ।

९.छिटो,छरितो पहुँचयोग्य र प्रभावकारी न्याय प्रणालीको विकास गर्ने निति अवलम्वन गर्न नेपालको संविधानको अनुसूची ८ र ९ अर्न्तगतका विषयका आवश्यक कानुनहरु क्रमश : निर्माण गरिनेछ । मुलुकका अन्य स्थानीय तहमा भएका न्याय प्रणालिको अध्ययन गरि यस गाउँपालिकाको न्यायिक निकाय तथा न्यायिका कार्यहरुको संस्थागत व्यवस्था मिलाइनेछ ।

## विपद् व्यवस्थापन सम्बन्धि नीति तथा कार्यक्रम

१. यस क्षेत्रको भौगलिक अवस्था विपद्/जोखिम अनुकुल रहेको अवस्थामा सो को न्यूनिकरणका लागि विपद्/जोखिम नक्सांकन कार्य गरिनेछ ।

२. संभाव्य विपद् सामना गर्नको लागि संघीय सरकार, प्रदेश सरकार, जिल्लास्थित सबै सम्बद्ध निकाय, अन्य स्थानीय तह तथा अन्य संघसंस्था संग समन्वकारी ढंगबाट अघि बढ्ने गरि कार्ययोजना बनाइ कार्यान्वयनमा ल्याइनेछ ।

गोविन्द सिंह तामाङ
अध्यक्ष

३. जलवायु परिवर्तन अनुकुलन कार्यक्रमहरु विकास गरि संचालनमा ल्याइनेछ। यसका लागि स्थानीय अनुकुलन कार्यक्रम निर्माण गरि लागू गरिनेछ।
४. यस गाँउपालिकामा मानवीय र प्राकृतिक बिपदको समयको मध्यनजर गर्दै ***एक वडा एक हेलिप्याडको*** निर्माण गरिं संचालनमा ल्याइनेछ।

## वन तथा वातावरण नीति तथा कार्यक्रम

१. विभिन्न राष्ट्रिय दिवस तथा अन्य विशेष अवसर मा वृक्षरोपण कार्यक्रम संचालन गर्ने कार्यक्रम ल्याइनेछ। स्थानीय स्तरमा रहेका विद्यालय, स्वास्थ्य संघ संस्था हरुलाई पनि बृक्षारोपण कार्यक्रम संचालन गर्न आवश्यक प्रबन्ध गरिनेछ।
२. सामुदायिक वन विकास कार्यक्रम, सौर्य ऊर्जा कार्यक्रम जस्ता वातावरण संरक्षणका कार्यक्रमहरु संचालनमा ल्याइनेछ।
३. फोहोरमैला संकलन व्यवस्थापन कार्यको लागि फोहोरमैला वर्गिकरण, पुनः प्रयोग, तथा प्रभावकारी व्यवस्थापन का आवश्यक कार्ययोजना बनाइ संचालनमा ल्याइनेछ।
४. डम्पिङ साइट निर्माण, उत्पादित कम्पोस्ट मलको खरिद तथा बजारीकरण, ***Polluter Pays Principle*** जस्ता कार्यक्रम संचालनमा ल्याइनेछ।

## भौतिक पुर्वाधार सम्बन्धि नीति तथा कार्यक्रम

१.समुन्द्रटार, बालकुमारी ,जिम्नाङ, पुरगाँउ, नयाँ छेपार,पाङगार, ओडारे नेगी ,शिखरबेशी बच्छला मा.बि.,सेराङ, सिम्टाङ, ढाडखर्क, बोकेढुङगा हुदै समुन्द्रटार जोड्ने दुप्चेश्वर गाँउपलिकाको २० कि.मि. रिंङरोडको अवधरणालाई निरन्तरता दिईनेछ। सडकको गुणस्तर कायम गर्ने कार्यलाई जोड दिईनेछ।
२. ***"एक वडा,एक मुल सडक"***को अवधारणा अनुरुप वस्तीलाई जोड्ने ग्रामीण संजालको स्तरोन्नती गरि जनताको दैनिक जिवनशैलीलाई परिवर्तन गर्ने गरि यातायात सेवा,वाणिज्य सेवा,उपयोगी सेवा लगायतका सेवाहरुको पुनः निर्माण र पुन संरचनाका माध्यमबाट आधुनिकीकरण तथा समृद्धिकरण गर्दै लगिनेछ।
३. छरिएर रहेका बस्तीहरुलाई प्राकृतिक जोखिम नभएको स्थानमा स्थानान्तणका लागि एकिकृत नमुना बस्ती निमार्ण गरि बिकासलाई प्रभावकारी बनाउने निति अवलम्बन गरिनेछ।
४.बहुवर्षे सडक निर्माण कार्यलाई निरन्तरता दिदै, उक्त सडक खण्डहरुलाई मापदण्ड बमोजिम ***बायो इन्जिनियरिङ*** पुर्वाधार निर्माण गरिनेछ।
५. गाउँपालिका लगायत सबै सरकारी कार्यालयहरुको पुनर्निर्माण तथा नवनिर्माण कार्यक्रम सुरु गरिनेछ।
६. अतिक्रमित सार्वजनिक जग्गाहरु फिर्ता गरि सो आवश्यक व्यवथापन गर्ने कोर्यका लागि आवश्यक कार्ययोजना बनाइ संचालनमा ल्याइनेछ।
७. स्वीकृत भवन निर्माण मापदण्डको पूर्ण कार्यान्वयन गरि समयानुकुल आवश्यक परिमार्जन समेत गर्दै लगिनेछ।
८. गाउँपालिका क्षेत्रमा बसपार्क, सार्वजनिक शौचालय, विश्रामस्थल, चौतारा जस्ता सम्पदाहरुको निर्माण कार्यलाई क्रमश अघि बढाउदै जाने नीति लिइ कार्यान्वयनमा लगिनेछ।

अन्त्यमा ,स्थानिय तहलाई संबैधानिक अधिकार सम्पन्न स्थानिय सरकारको रुपमा बिकास गर्न योगदान गर्नहुने मुख्य राजनितिक दल , नागरिक समाज र संबिधान जारी भए पछिको पहिलो स्थानीय तहको चुनाव सफल बनाउन ऐतिहासिक जिम्मेवारी बहन गर्ने राजनितिक दल , निर्वाचन आयोग र सम्पूर्ण मतदाता प्रति हार्दिक धन्यवाद दिन चाहान्छु। साथै हाम्रो गाँउपालिकाको प्रस्तुत निति कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन नेपाल सरकार प्रादेशिक सरकार , जोडिएका स्थानीय तहहरु ,



गोविन्द सिंह तामाङ
अध्यक्ष

स्थानीय तहमा कृयाशिल प्रमुख राजनितिक दलहरु, गैर सरकारी संस्था, संमुदायमा आधारित संस्थाहरु ,मतदाता र सम्पूर्ण बुद्धिजिवि एवम् प्रवुद्ध बर्गमा अपिल गर्दछौ । धन्यवाद !

योविद्र सिंह तामाङ

अध्यक्ष

दुप्चेश्वर गाउँपालिका

समुन्द्रटार नुवाकोट

मिति २०७६/३/१०